IT

# पाँचथर ~~झापा~~ जिल्ला अदालतबाट प्रकाशित

## १५ दिने सूचना

### (मानाचामल नं. ४/१५, तहसिल शाखा)

सूचना । सूचना ।। सूचना ।।।

दरखास्तवाला/वादी जिल्ला पाँचथर साविक भारपा-८ हाल हिलिहाङ गा.पा. वडा नं. ७ घर भइ जिल्ला झापा बुद्धशान्ती गा.पा. वडा नं. ४ बर्ने स्थित गणेश श्रेष्ठको घरमा डेरा गरी बस्ने संरक्षक समेत भिमा श्रेष्ठ प्रतिवादी जिल्ला पाँचथर हिलिहाङ गा.पा. वडा नं. ७ बस्ने चक्रबहादुर श्रेष्ठ भएको मानाचामल मुद्दामा यस अदालतको मिति २०७६/१०/१५ को फैसला बमोजिम फिराद दायर भएको मिति २०७६।०५।०१ गतेबाट प्रतिबादीबाट अंश नपाएको मिति सम्म बादीहरुले प्रतिबादीबाट मासिक रु.१०,०००।– (दश हजार) का दरले फिराद दायर भएको मिति २०७४/१२/१६ गतेबाट भरिभराउको मिति सम्म हुने जम्मा रकम रु.२६३,३३३।३४ को विगो रकम समेत तपसिलमा उल्लिखित जग्गाबाट भराई पाउँ भनी वादीको दरखास्त परी मिसिल दरखास्तमा देखाएको तपसिलको जेथा डाक लिलाम गरी विगो भराईदिनु परेको हुँदा यो १५ दिने सूचना प्रकाशित गरिएको छ। उक्त जेथाको पञ्चकिर्ती मूल्य मिति २०७८/०४/२८ मा कायम भईसकेकोले विगोले खामेसम्मको जेथा पञ्चकिर्ती मूल्यका दरले लिलाम हुने हुँदा मिति २०७८/०७/११ गतेको डाक बढाबढ तारेख तोकिएको छ। यो सूचना तपसिलको जग्गामा-१, हिलिहाङ गा.पा. ७ नं. वडा कार्यालयमा-१ , मालपोत कार्यालय, फिदिममा-१ तथा यस अदालतको सूचना पाटीमा समेत टाँस गरिएको छ। डाक बढाबढ गर्न इच्छुक महानुभावले मिति २०७८/०७/११ गते दिनको १० बजे यस अदालतमा उपस्थित भई डाक बढाबढमा भाग लिनुहोला। पञ्चकिर्ती मूल्य भन्दा बढी जसको डाक बढाबढ हुन्छ उसैले डाक सकार गरिलिन पाउनेछ। आँफूले डाक बोलेको रकमको १०% रकम सोहि दिन अदालतमा चुक्ता बुझाउनु पर्नेछ र बाँकी रकम ७ दिन भित्र बुझाउनु पर्नेछ। सो समयभित्र बाँकी रकम नबुझाएमा पहिले बुझाएको १०% रकम जफत हुनेछ। मूल्य पूरा हुन नआएमा लिलाम बिक्री हुने छैन। लिलामको दिन अदालत बिदा भए त्यसको भोलि पल्ट डाक हुनेछ। अन्य कुनै जानकारी लिनु परे अदालतको समयमा जानकारी लिन सकिने वेहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपसिलः

| क्र.सं. | जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | दर्तावाला | पञ्चकृते मूल्य |
|---|---|---|---|---|---|---|---|
| १. | पाँचथर | भारपा | ८ग | २०३ | १-१४-२-१ | चक्रबहादुर श्रेष्ठ | प्रतिरोपनी रु.१२५०००।– (एकलाख पच्चिस हजार रुपैंया) |

ईति सम्वत २०७८ साल असोज महिना ७ गते रोज ५ शुभम्-----------------------------------